# लहान नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
(आन्तरिक राजश्व व्यवस्थापन उप-शाखा)
लहान (सिरहा)
प्रदेश २ नं., नेपाल

☎ :- ०३३ { ५६०१३८ कार्यालय
५६०१३७ फ्याक्स


पत्र संख्या :- २०७६/०७७
चलानी नं. :- ९८६२

(प्रथम पटक प्रकाशित २०७६/०९/०९)

मिति :-२०७६/०९/०८

---

**विषय:- वैलहाट (पशु वजार) सेवा शुल्क संकलन ठेक्का सम्बन्धी दरभाउ पत्र आह्वान सूचना ।**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने स्थानीय पूर्वाधार सेवा र उपयोगमा संकलन गर्न पाउने आन्तरिक आय तर्फ बैलहाट (पशु बजार) सेवा शुल्क संकलन गर्न चौथो नगर सभाबाट स्वीकृत दररेटमा आ.व.२०७६/०७७ को माघ १ देखी आ.व. २०७७/०७८ को पुष मसान्त सम्म १ (एक) वर्षकालागि अग्रीम एकमुष्ठ गनी महशुलमा ठेक्कावन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म कम्पनी वा संस्थाहरुवाट निम्न शर्तहरुका अधिनमा रहि रीतपूर्वक शिलवन्दी दरभाउ पत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :-**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन सम्म कार्यालय समय भित्र उल्लेखित शिलवन्दी दरभाउ पत्र फारम दस्तुर रु. १,०००।- (एक हजार) पछि फिर्ता नहुनेगरी तिरी यस कार्यालयको आन्तरिक राजश्व व्यवस्थापन उप-शाखाबाट शिलबन्दी दरभाउ पत्र फारम खरीद गर्न सकिनेछ ।

२. खरिद गरिएको शिलबन्दी दरभाउ पत्रमा उल्लेख भएका सवै विवरणहरु प्रष्ट सँग अध्ययन गरी सम्बन्धित व्यक्तिले प्रत्येक पानामा सही छाप गरी शिलबन्दी गरी खाम वाहिर ठेक्काको नाम र प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी १६ औं दिनको १२:०० (बाह्र) वजे सम्म यस कार्यालयमा शिलबन्दी दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका शिलवन्दी दरभाउपत्रहरु सोही दिनको २:०० वजे उपस्थित शिलवन्दी दरभाउपत्र दाताहरु वा निजका प्रतिनिधिहरुको उपस्थितमा न.पा. कार्यालयमा खोलिने छ । उक्त समयमा शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रितपूर्वको शिलवन्दी दरभाउ पत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

३. शिलवन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

४. शिलवन्दी दरभाउपत्र साथ आफुले कवोल गरेको अंकको नेपाली नागरिक भए ५% हुने धरौटी रकम यस कार्यालयको नेपाल वैंक लि., लहन स्थित च.हि.नं. ०३६०३००००००००३०००००२ धरौटी खातामा जम्मा गरेको सक्कलै वैंक भाउचर वा सो रकम वरावरको यस कार्यालयका नाउँमा मान्यता प्राप्त वाणिज्य वैंकबाट जारी गरीएको काम्तीमा ७५ दिनको म्याद भएको जमानी पत्र सक्कल प्रति संलग्न राख्नु पर्नेछ साथै धरौटी रकम शिलवन्दी दरभाउपत्र साथ नगद खामी आएमा मान्यता दिइने छैन ।

५. शिलवन्दी दरभाउपत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुनेगरी उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. शिलवन्दी दरभउपत्र स्वीकृत भएपछि ठेक रकमको अत्तिरिक्त न.पा. द्वारा संचालित दुर्गा पुजाकोलागि ठेक अंकमा १.५% रकम जोडी एकमुस्ट दाखिला गर्नु पर्नेछ ।

७. कुनै कारण वस ठेक्काको अवधी कम भएमा स्वीकृत ठेक अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंक लाई मानिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

८. शिलवन्दी दरभाउपत्र पेश गर्दा शिलवन्दी दरभाउपत्र दाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुने छैन । शर्त सहितको शिलवन्दी दरभाउपत्र लाई बदर मानिने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको शिलवन्दी दरभाउपत्र उपर कुनै कार्यवाही हुने छैन ।

९. एक पटक शूल्क लिई सकेको मवेसीमा पुनः दोहरो शुल्क लिने पाइने छैन ।

१०. शुल्क असुल गर्दा करदातालाई दिने रसिद नगर कार्यपलिकाले तोकि दिएको ढाँचामा ठेकदारले आफनो तर्फबाट छपाई कार्यालयबाट प्रमाणित गराई कार्यालयको छाप लागाई रसिद नम्वरं. दाखिल गरेर मात्र प्रयोग गर्न पाईने छ । प्रमाणित विनाको रसिद प्रयोग गरेको पाईएमा न.पा.द्धारा कानुनी कारवाही गरिनेछ ।

११. यस ठेक्का वापत नेपाल सरकारलाई बुझउनुपर्ने सम्पूर्ण कर दस्तुर फि महसुल आदी ठेकेदारले नै बुझाउनु पर्ने छ ।

१२. ठेक्का सम्बन्धी कुनै समस्या आई परेमा वा यसमा उल्लेख भएका कुराहरुमा सोहि वमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम तथा केन्द्रीय सरकार, प्रदेश सरकारबाट समय समयमा भए गरेको आदेश, निर्देशन र परिपत्रको आधरमा न.पा.ले समाधान गर्ने छ र सोहि समाधान अन्तिम पनि हुनेछ ।

१३. ठेक्का संचालन गर्दा कुनै विवाद उत्पन्न भई ठेक्का तोडिन गएमा नगरपालिकाले दामाशाहीले ठेक अंक निर्धारण गर्नेछ, त्यसमा ठेकदारले कुनै विवाद गर्न पाउने छैन ।

१४. प्राप्त शिलवन्दी दरभाउपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१५. वैलहाट (पशुवजार) सेवा शुल्क ठेक्काको न्युत्तम ठेक अंक रु. ५१,१५१।- (एकाउन्न हजार एक सय एकाउन्न) अन्य कर वाहेक कायम रहेकोले, सो भन्दा कम कवोल गर्न पाइने छैन ।

१६. शिलवन्दी दरभाउपत्र सम्बन्धी केहि कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा सर्म्पक राखी बुझ्न सकिनेछ ।

## वैलहाट (पशुवजार) सेवा शुल्क को दररेटः-

| सि.नं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| ०१. | गाई, गोरु, भैसी, रांगा, घेडा र घोडी प्रति थान बेच्नेबाट | १००।- | |
| ०२. | गाई, गोरु, भैसी, रांगा, घेडा र घोडी प्रति थान किन्नेबाट | १००।- | |

२०७९।१।८

खेमनन्द भुषाल

प्रमुख प्रशासकीय अधिकृत